## पालन गर्नुपर्ने तीन वटा अनुरोध

### १. स्वस्थ जीवनशैली अपनाउनुहोस्।

सन्तुलित आहार, पर्याप्त निद्रा लिई स्वस्थ जीवनशैली अपनाउने प्रयास गर्नुहोस्।



### २. स्वास्थ्य परीक्षण गराउनुहोस्।

वर्षमा एक पटक स्वास्थ्य परीक्षण गराउनुहोस्। यदि तपाईंलाई थप विस्तृत परीक्षण आवश्यक छ भनी पत्ता लागेमा, अनिवार्य रूपमा मेडिकल संस्थामा जानुहोस्।



### ३. लक्षण देखिएमा अस्पताल जानुहोस्।

यदि तपाईंको स्वास्थ्य बिग्रिएको छ भने, सकेसम्म चाँडो नजिकको मेडिकल संस्थामा जानुहोस्।



**यदि तपाईंलाई कुनै समस्या परेको खण्डमा, कृपया पहिले आफ्नो कार्यस्थलका व्यक्ति वा सुपरभाइजिङ संस्थासँग सल्लाह लिनुहोस्।**



क्षयरोगबारेको भिडियो हेर्न चाहनुहुन्छ भने, यहाँ क्लिक गर्नुहोस्: ↓

"टोकियो महानगरपालिका क्षयरोग नियन्त्रण बहुभाषिक भिडियो (तपाईंको लामो खोकी, क्षयरोग हुन सक्छ)"

## परामर्श सेवा (सबै निःशुल्क)

- **क्षयरोग अनुसन्धान संस्थान विदेशी परामर्श सेवा**
  टेलिफोन: 03–3292–1219 वा 03–3292–1218
  (प्रत्येक मंगलबार १०:००-१२:००, १३:००-१५:००)
  फ्याक्स: 03–3292–1290
  (फ्याक्स जुनसुकै बेला पठाउन सकिन्छ)

- **फुकुओका अन्तर्राष्ट्रिय चिकित्सा सहायता केन्द्र**
  फोनमा दोभाषे सेवा वा विदेशी भाषामा सेवा दिन सक्ने मेडिकल संस्थाबारे जानकारी उपलब्ध छ।
  टेलिफोन: 092–286–9595 २४ सै घण्टा, ३६५ दिन

- **फुकुओका प्रिफेक्चर किताचिकुगो स्वास्थ्य तथा कल्याण वातावरण कार्यालय**
  टेलिफोन: 0946–22–9886
  (शनिबार, आइतबार र सार्वजनिक बिदा बाहेक ८:३०-१७:१५)

ネパール語版

जापानमा बसोबास गरिरहनुभएका सम्पूर्ण विदेशी नागरिकहरूलाई

# क्षयरोग
## कस्तो रोग हो ?

~स्वस्थ जीवन जिउनका लागि जान्नैपर्ने कुराहरू~



**प्रकाशक**: फुकुओका प्रिफेक्चर किताचिकुगो स्वास्थ्य तथा कल्याण वातावरण कार्यालय, स्वास्थ्य तथा सरसफाइ शाखा, संक्रामक रोग विभाग
**प्रकाशन वर्ष**: २०२५ आर्थिक वर्ष

# आफ्नो देशमा क्षयरोगको संक्रमण भई जापान प्रवेश गरेपछि बिरामी पर्नेहरूको संख्या बढ्दै गएको छ।

## क्षयरोग निको हुने रोग हो!

क्षयरोग माइकोब्याक्टेरियम ट्युबरकुलोसिस नामक ब्याक्टेरियाबाट लाग्ने फोक्सोको रोग हो।यदि हरेक दिन औषधि खाएमा, यो निको हुने रोग हो।





## गम्भीर भएमा समस्या हुन सक्छ!

- वरपरका मानिसहरूमा सर्छ।
- अस्पताल भर्ना हुन आवश्यक हुन्छ।
- कामबाट बिदा लिनुपर्छ।

यदि क्षयरोग चाँडै पत्ता लागेमा, उपचार गर्दागर्दै पनि काम जारी राख्न सकिन्छ।

## यस्ता लक्षणहरू जारी रहेमा क्षयरोग हुन सक्छ!

- ☑ खोकी, खकार
- ☑ हल्का ज्वरो
- ☑ थकान
- ☑ खाना खान मन छैन।
- ☑ वजन घट्नु



कहिलेकाहीँ कुनै पनि लक्षण नदेखिन पनि सक्छ।

**यदि २ हप्ताभन्दा बढी समयसम्म खोकी, ज्वरो जस्ता लक्षणहरू देखा परेमा, चाँडै डाक्टरलाई देखाउनुहोस्।**

